CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #९४

१९।१०।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## नेपालमा कोभिड - १९ विरुद्धको खोपको उपलब्धता र तयारी

जम्मा उपलब्ध खोपको डोज
**१० लाख**

पहिलो चरणमा खोप पाउने जनसंख्या
**४ लाख ३० हजार**

पहिलो चरणको खोप लगाईसक्ने समय
**१० दिन**

पहिलो मात्रा खोप लिएका व्यक्तिलाई
**दोस्रो मात्रा २८ दिनपछि** दिईनेछ

**३००**
खोप केन्द्र

*खोप लक्षित समुहलेमात्र पाएको सुनिश्चित गर्न सरकारले हरेक दिन विवरण सार्वजनिक गरिरहेको छ ।*

स्रोत: https://cutt.ly/Ckiy7QF https://www.mofaga.gov.np/news-notice/2284

## नेपाल अपडेट



कोरोना भाइरस बिरुद्धको पहिलो खोप लिदै भेरी अस्पतालका मे.सु. डा. प्रकास थापा

तस्विर: सिराज खान

### परिक्षण

पिसिआर परिक्षण: २०,५७,०६९
पोजेटिभ: २,७०,३७५
उपचाररत: ५,३०६
मृत्यु : २०२०
सन्चो भएका : २,६५,०६९




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



नेपालमा कोभिड - १९ विरुद्धको खोप लगाएका व्यक्तिहरु बिरामी परिरहेको भन्ने समाचार आईरहेकाछन्, यसले पछि ठुलो असर त गर्दैनन नी ?

कोभिड - १९ विरुद्धको खोप लगाईसकेपछि केही व्यक्तिहरुमा सामान्य असरहरू देखिएकाछन् । जस्तै, खोप लगाएको ठाउँमा दुख्ने र सामान्य सुन्निने, टाउको दुख्ने, अल्छि लाग्ने, जिउ दुख्ने, जोर्निहरु सामान्य दुख्ने, शरिर चिसो भएको महसुस हुने, सामान्य ज्वरो आउने र वाकवाकी लाग्ने जस्ता सामान्य असरहरू देखिए पनि केही समयभित्रै ठिक भएकाछन् । खोप लगाएका व्यक्तिमा हालसम्म कुनै पनि गम्भिर असरहरू देखिएका छैनन् । कुनै असर देखिए त्यसको व्यवस्थापनको लागि चिकित्सक र स्वास्थ्यकर्मीको टिम औषधी सहित परिचालन गर्न तयार गरिएको छ ।

स्रोत: https://cutt.ly/Ckiy7QF



सरकारले वैदेशिक रोजगारीमा जाने कामदारको मेडिकल गर्ने थुप्रै स्वास्थ्य संस्थाहरुलाई खारेज गरेको छ रे नि त ?

प्रत्येक आर्थिक वर्षको पौष मसान्त भित्र वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाले नविकरण गर्नुपर्दछ । यसरी नविकरण नगरेका १० वटा स्वास्थ्य संस्थाको सूचिकरण खारेजी गरिएको छ । अब उपरान्त यस्ता स्वास्थ्य संस्था वैदेशिक रोजगारीमा जाने व्यक्तिको स्वास्थ्य परीक्षण गर्न अयोग्य ठहरिन्छन् । कुनकुन स्वास्थ्य संस्थाको सूचिकरण खारेजी भयो भनेर तलको लिंकमा हेर्न सकिनेछ ।

स्रोत: http://moless.gov.np/?p=3858



लैंगिक हिंसा पीडितलाई सरकारले नि:शुल्क उपचार गर्छ रे । के यस्तो सेवा सबै अस्पतालमा पाइन्छ ?

सरकारले लक्षित बर्गका बिरामीको आर्थिक अवस्थाको मुल्यांकन गरी देशका ४४ वटा अस्पतालबाट नि:शुल्क वा सहुलियतमा उपचार गर्ने व्यवस्था मिलाईएको छ । यसमा पनि लैंगिक हिंसा पीडितलाई भने, सम्बन्धित अस्पतालमा उपलब्ध हुने सबै सेवाहरु पूर्ण रुपमा नि:शुल्क पाउने व्यवस्था सरकारले गरेको छ । प्रदेश अनुसार सो सेवा सञ्चालन गर्ने अस्पतालको सूचि तल दिइएको लिंकमा गएर हेर्न सकिनेछ ।

स्रोत: https://cutt.ly/6kiQc3M



अहिले राजनीतिक नारा जुलुस चलिरहेकाछन् । के राजनीतिक कार्यकर्ताले स्वास्थ्य सुरक्षा मापदण्ड अवलम्बन गर्नु नपर्ने हो ?

निर्वाचनको मिति घोषणा भएसँगै राजनीतिक भिडभाड हुने जोखिम बढेको छ । यसलाई मध्यनजर गरेर भेला, आमसभा, जुलुस, गोष्ठि लगायतका भिडभाडजन्य कृयाकलाप गर्दा अनिवार्य स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्नुपर्ने भनेको छ । यसको नियमन गर्ने जिम्मेवारी स्थानीय प्रशासनलाई तोकेको छ । तर, यसको कार्यान्वयन् भएको देखिदैन । यदि कसैलाई नियम विपरित भएको लागेमा सम्बन्धित स्थानीय प्रसाशनमा गुनाशो दर्ता गर्न सकिन्छ ।

स्रोत: https://www.mofaga.gov.np/news-notice/2288

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | ३,६८,०७४ | १,६५,२५७ | १०३,०५७ | १,५१,३३५ | ३०६,३३९ | १,३४,५२४ | २१४,९५९ | ७८,५०८ |
| नेपाली संक्रमित | ५,८०० | २,३५० | ४५१ | २८,२५० | ५,३५० | ३०० | २१०० | २९ |
| मृत्यु भएका नेपाली | ८८ | १२ | ३ | १८ | ३९ | १ | १ | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

Shramik Sanjal

## खाडिका देशहरुमा विमानस्थल प्रयोग सम्बन्धी नयाँ नियमहरु

### कुवेत
आगामी जुन महिनाको एक तारिख देखी कुवेत अन्तरराष्ट्रिय विमानस्थलले, कुवेत विमानस्थलबाट छुट्ने यात्रुहरुको लागि ३ दिनार र कुवेत आइपुग्ने यात्रुहरुको लागि २ दिनार सेवा शुल्क लिने भएको छ । सो कुरा कुवेतस्थित आवास मामिला राज्यमन्त्री र सेवा मामिला राज्यमन्त्री डा. अब्दुल्लाह माराफीले जारी गरेको विज्ञप्ति द्वारा जानकारीमा आएको छ ।

### साउदी अरब
दमाम एयरपोर्टमा अबदेखी एयरपोर्ट प्रयोग गरेबापत ३ रियाल शुल्क तिर्नु पर्ने भएको छ ।

### यूएई
- ईमिरेट्स एयरलाईन्सका अनुसार अबदेखी दुबई आउने यात्रुले ७२ घण्टाको पिसिआर नेगेटीभ रिपोर्ट ल्याउनु पर्ने छ । पहिले ९६ घण्टाको नेगेटीभ रिपोर्ट ल्याउनु पर्थ्यो ।
- अन्य ईमिरेट्सबाट अबुधावी जाने हरेक व्यक्तीले अब पिसीआर नेगेटिभ रिपोर्ट आफ्नो Al-Hosn Mobile Application मा पनि देखाउनु पर्नेछ । पहिल्यै देखी Al-Hosn Mobile App राख्नै पर्ने भएपनि, अब यो नियम आएपछी भने झन् आवस्यक भएको छ ।

### ओमन:
कोरोना भाईरसको संक्रमणबाट बच्नको लागि जनवरी २८ देखी लागू हुनेगरी सामाजिक जमघट पूर्ण रुपमा निशेध गरिएको छ । यदी यस सम्बन्धी अन्य केही जानकारी चाहिएमा ओमन स्थित नेपाली दुतावासको हटलाईन टेलिफोन नंम्बर ७११५९२४९० मा सम्पर्क गर्न सकिने छ ।

**www.facebook.com/shramik.sanjal बाट तपाई हरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।**

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च



# कृषि व्यवसायका लागि सरकारले दिने भनेको अनुदान नपाउँदा विदेशिन बाध्य




वीरेन्द्रनगर नगरपालिका वडा नं. ७ का ३० वर्षिय बलिराज पाण्डे युवा कृषक हुन् । व्यवसायमा निकै रुचि भएका उनलाई लगानीको कमिले व्यवसायमा सकस भएको छ । कर्णाली प्रदेश सरकारले अनुदान दिने भनेपछि उनले तीन वर्षअघि २४ कठ्ठा जग्गा भाडामा लिएर तरकारी खेती शुरु गरे । तर, अनुदानको आशले ऋण काढेर तरकारी व्यवसाय शुरु गरेका उनले अनुदान नै पाएनन् ।

अनुदान नपाएपछि एकातर्फ ऋणको ब्याज तिर्नुपर्ने बाध्यता, त अर्कोतर्फ तरकारी फार्ममा वीउविजन, मल, औषधि तथा अन्य लगानी गर्न सकस भयो । स्वदेशमै पसिना बगाएर व्यवसाय गर्ने मन भएपनि, भनिए अनुसार अनुदान नपाएकै कारण उनी विदेशिन बाध्य भए । हाल उनी वैदेशिक रोजगारीको क्रममा दुबैमा छन् । लकडाउनको बेला स्वदेश फर्किएका उनी ७ महिनापनि टिक्न सकेनन् । घरपरिवारसँग बसेर व्यवसाय गर्ने मन भएपनि घर तथा व्यवसायबाट लागेको ऋण तिर्न, थप पैंसा कमाएर घरपरिवार पाल्न तथा व्यवसायलाई अघि बढाउन भएपनि उनलाई विदेश बस्नुपर्ने बाध्यता छ ।

उनी भन्छन्, "प्रदेश सरकाले वास्तविक किसानलाई नचिन्ने रहेछ । कमिशन र पावरको हिसाबले अनुदान वितरण गरिदो रहेछ । हामीजस्तालाई कस्ले चिन्थ्ये र ? गाउँमै बसेर कृषि उद्यम गर्ने मन थियो । तर लगानी जुटेन । आफै कमाएर भएपनि व्यवसाय गरेरै छाड्ने सोचले विदेश आएको छुँ ।" उनकी श्रीमति सावित्रा अधिकारीको नामबाट सञ्चालित आरुषि कृषि फार्म हाल उनकी श्रीमति सावित्रा र बुबा कृष्णप्रसाद पाण्डेले चलाईरहेका छन् ।

तीन वर्ष पहिले काउली लगाएर शुरु गरिएको फार्ममा हाल आलु, करेला, काँक्रा, बोडि, टमाटर लगाएत सबै प्रकारका तरकारी उत्पादन हुन्छ । तीन प्रतिशत ब्याजमा करिब तीन लाख ऋण काढेर शुरु गरिएको फार्ममा हाल सम्म ६ लाख खर्च भईसकेकोछ।

बलिराजका बुवा कृष्णप्रसाद भन्छन्, "कृषकका लागि सरकाले दिने अनुदान पहुँचका आधारमा दिने गरिएको छ । जसले निरन्तर कामगर्छ उसले अनुदान पाउँदैन । मन्त्रालय धाईरहने र अनुदान पाउनकै लागि फार्म दर्ता गर्ने, तर काम नगर्ने नक्कली कृषकले लाभ लिदाँरहेछन् । नत्र मेरो छोरालाई अनुदानको आश देखाएर विदेशिन बाध्य पारिदैनथ्यो ।" उनी आफै पनि क्षेत्रिय कृषि निर्देशनालयका अवकास प्राप्त कृषि प्राविधिक हुन् । गत वर्ष प्रदेश सरकाले एक लाख तीस हजार अनुदान सहयोग गर्ने भनेपछि आफ्नो लगानीमा प्लाष्टिकका टनेल र अन्य कृषि औजार खरिद गरेका उनले अन्तिममा भुक्तानी नै पाएनन् ।

घोषणामा सिमित, अर्गानीक प्रदेशमा रसायानिकयुक्त तरकारी भारतबाट निर्यात गरिन्छ । यहाँको अर्गानीक उत्पादनले मुल्य पाउँदैन । प्रदेश सरकारले यसमा चाँसो देखाएको छैन । लगानी नजुटेपछि ऋण काढेर व्यवसाय शुरु गरेका बलिराजको परिवार जस्तै कर्णालीमा हजारौं कृषक मर्कामा छन् । यस तर्फ सम्बन्धित निकायको ध्यान जानु जरुरी छ ।

# फ्रन्टलाईनर्स भोईसेस



## अनिल सेन ठकुरी

जनस्वास्थ्य निरीक्षक, कोहलपुर नगरपालिका, बाँके

"कोभिडलाई हामीले चुनौति भन्दापनि, यो हाम्रो कर्तव्य हो भन्ने रुपमा लियौं र यसलाई पराजित गर्न पनि सफल भयौं । अहिले कोहलपुर नगरपालिकाका स्वास्थ्यकर्मिहरु सबैले कोभिड बिरुद्धको खोप लगाईसकेका छौं । नागरिकहरु पनि अहिले कोभिडको बारेमा धेरै सचेत भईसकेका छन् । कोभिडको लक्षण देखिएका व्यक्तिहरुलाई हामीले नि:शुल्क चेकजाँच पनि गरिरहेका छौं । कोरोनाको असर विस्तारै घट्दै जाँदा, हामीलाई कामको भार भने कम हुदै गएको छ । अहिले कोभिड महामारीको असर कम भएपनि हामीले आफुले गर्नुपर्ने कर्तव्य निरन्तर गरिरहेका छौं । "

## दिपक शर्मा

ल्याब असिसटेन्ट, कोहलपुर नगरपालिका, बाँके



"कोरोनाको शुरुवाति चरण देखिनै बाँके जिल्लामा अग्रपंक्तिमा खटिएर मैले काम गरें । शुरुवाति समयमा कोभिडलाई व्यवस्थापन गर्न एकदमै चुनौति थियो । म र मेरो २ जना सहकर्मी मिलेर २८,००० जनाको स्वाब संकलन गर्‍यौं । हामी स्वास्थ्यकर्मीनै त्रसित भएर घरमा बस्यौं भने जनतालाई कस्ले हेरिदिन्छ, भनेर मेरो परिवारलाई सम्झाएँ । सात महिना त बाहिरै बसेर काम गरें । त्यो समयमा आफुले उत्कृष्ट काम गरेको अनुभुति पाउँदा निकैनै खुशि छु । "



## सन्तोष वुढा क्षेत्री

मेडिकल अधिकृत, कोभिड अस्थायी अस्पताल, कोहलपुर, बाँके

"कम जनशक्ति र कम स्रोत साधनमा पनि हामिले काम गर्‍यौं । डवल ड्युटी पनि गर्‍यौं । कोभिडको शुरुवातिको समयमा पिपिइको अभाव थियो, मास्कको अभाव थियो । एउटै मास्क प्रयोग गरेर हामीले २/३ दिन पनि काम गर्‍यौं । घरमा आउँदा डर भन्दा पनि जनतालाई बचाउनु हाम्रो दायित्व थियो । तर, स्वास्थ्यकर्मीबाट कोरोना सर्छ भनेर समुदायले नराम्रो व्यवहार गर्दा भने नराम्रो लाग्थ्यो । विशेष गरेर घर भाडामा वस्ने स्वास्थ्यकर्मीलाई बढी गाह्रो भएको थियो । धेरै समस्या र चुनौतिका बावजुद पनि हामीले आफ्नो कार्यमा हरेश खाएनौं । फलस्वरुप अहिले अवस्था केही सामान्य भएको छ । "

# रेडियो कार्यक्रम पद्धती तालिका



## रेडियो कार्यक्रम पद्धती
### संरचना सबैका लागि

| प्रदेश १ | प्रदेश २ | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|
| सप्तकोशी एफएम | रेडियो जनकपुर | हेटौडा एफएम | अन्नपूर्ण एफएम | बुटवल एफएम | प्रदेश एफएम | दिनेश एफएम |
| हरेक मंगलबार बिहान ७:३० बजे | हरेक शनिबार बिहान ७:०० बजे | हरेक मंगलबार बिहान ७:३० बजे | हरेक आइतबार बिहान ८:३० बजे | हरेक शनिबार बिहान ७:३० बजे | हरेक सोमबार बिहान ७:३० बजे | हरेक शनिबार बिहान ७:०० बजे |
| पुन: प्रसारण हरेक बिहिबार बेलुका ७:०० बजे | पुन: प्रसारण हरेक बुधबार बिहान ७:०० बजे | पुन: प्रसारण हरेक बुधबार बेलुका ७:३० बजे | पुन: प्रसारण हरेक मंगलबार बेलुका ७:१५ बजे | पुन: प्रसारण हरेक सोमबार बेलुका ७:३० बजे | पुन: प्रसारण हरेक मंगलबार दिउँसो २:१५ बजे | पुन: प्रसारण हरेक आइतबार बेलुका ९:०० बजे |

रेडियो कार्यक्रम प्रसारणको रेकर्ड तपाईले
YouTube र Soundcloud मा पनि सुन्न सक्नुहुनेछ ।

Civic Action Teams

https://soundcloud.com/accountability_lab

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219